# ढोरपाटन नगरपालिका

# स्थानीय राजपत्र

## ढोरपाटन नगरपालिकाद्वारा प्रकाशित

वर्षः ६) ढोरपाटन, फागुन १ गते, २०७९ साल

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम ढोरपाटन नगरपालिकाको कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत् २०७९ सालको कार्यविधि नं. १२

# फेलोसिप तथा शोधपत्र कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावना:**

ढोरपाटन नगरपालिकामा उपलब्ध स्रोत र साधनहरूको समुचित प्रयोग गर्दै समृद्धि हासिल गर्न स्वास्थ्य तथा सामाजिक क्षेत्रमा तथ्यपरक नीति तथा कार्यक्रम सञ्चालन गर्नको लागि अनुसन्धान र विकासलाई बढवा दिनु आवश्यक छ । नगरपालिका र विपन्न वर्गहरूको सुसम्वन्ध कायम गर्दै विभिन्न विश्वविद्यालय र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाइ ढोरपाटन नगरपालिकाको स्वास्थ्य तथा सामाजिक क्षेत्रसंग जोडिएका विषयवस्तुमा आधारित अध्ययन अनुसन्धानमा उच्च शिक्षाको स्नातक, स्नातकोत्तर र सो भन्दा माथिल्लो तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रोत्साहित गराई अनुसन्धानबाट प्राप्त नतिजा नगरपालिकाको आगामी नीति निमार्ण र कार्यक्रम कार्यान्वियनमा समेत उपयोगी हुने भएकाले यस्ता अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न आवश्यक छ । फलोसिप तथा अनुसन्धानात्मक कार्यक्रम स्वच्छ, मर्यादित र विश्वशनीय रुपमा कार्यान्वयन गर्नका लागि फेलोसिप तथा शोधपत्र कार्यविधि, नगरकार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी जारी गरिएको  छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) फेलोसिप तथा शोधपत्र कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि ढोरपाटन नगरपालिकाभर लागू  हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “प्रमुख” भन्नाले ढोरपाटन नगरपालिकाका प्रमुखलाई सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले ढोरपाटन नगरकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) “कलेज” भन्नाले बिभिन्न विश्वविद्यालयबाट सम्वन्धन प्राप्त गरी कक्षा सञ्चालनको लागि अनुमति पाएका संस्थानहरूलाई सम्झनु पर्दछ । यसले अन्य स्वास्थ्य विज्ञान प्रतिष्ठानहरूलाई समेत जनाउँदछ ।

(घ) “फिलोसिप” भन्नाले स्नातक तथा सो भन्दा माथि अध्ययनरत विद्यार्थीहरूलाई शोधपत्र (थेसिस) को लागि आवश्यक रकम सम्झनु पर्दछ । यस वापत विद्यार्थीहरूलाई आवश्यक रकम अनुसन्धान तथा शोधकार्यको प्रकृतिअनुसार बढीमा रु. ५०,०००।०० (पचास हजार) सम्म उपलब्ध गराईने छ । जसको लागि ढोरपाटन नगरपालिका क्षेत्रमा अध्ययन स्थल बनाउनु पर्नेछ ।

(ङ) अध्ययन तथा शोध कार्य: स्वास्थ्य तथा सामाजिक क्षेत्रसँग सम्बन्धित विषयवस्तुमा अध्ययन तथा शोध कार्य (अनुसन्धान) भन्ने सम्झनु पर्दछ।

**३. सूचना प्रकाशनः** (१) फिलोसिप तथा शोधकार्य दुबैको लागि ३० दिनको सार्वजनिक सूचना प्रकाशन गरी तोकिएका कागजात सहित अनुसूची -१ को ढाँचामा प्रस्ताव माग गरिने छ।

(२) उपदफा (१) बमोजिमको सूचना नगरपालिकाको वेवसाइट वा अन्य विद्युतीय माध्यममा समेत प्रकाशन गरिनेछ।

**४. प्रस्ताव पेश गर्नेः** फिलोसिपको हकमा विश्वविद्यालय तथा प्रतिष्ठानमा भर्ना भई निर्धारित पाठ्यक्रम अनुसारको प्रस्तावित ढाँचामा तोकिएको समय भित्र नगरपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नु पर्नेछ।

**५. प्रस्ताव छनौट र स्वीकृतिः** (१) प्राप्त हुन आएका निवेदनहरूको छनौट गर्न नगरपालिकामा देहाय बमोजिमको एक छनौट तथा सिफारिस समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृतः संयोजक

(ख) नीति तथा योजना शाखाका प्रमुखः सदस्य

(ग) स्वास्थ्य शाखा प्रमुख (स्वास्थ्य संयोजक): सदस्य

(घ) शिक्षा तथा खेलकुद शाखा प्रमुख : सदस्य सचिव

छनौट समितिमा संयोजकले आवश्यकता अनुसार थप विज्ञ आमन्त्रण गर्न सक्नेछ।

१. उपदफा (१) बमोजिमका प्रस्तावहरूको छनौट तथा मूल्याङ्कनका मापदण्डहरू अनुसूची २ बमोजिम हुनेछ।

२. उपदफा ४ बमोजिम स्वीकृत भएका विद्यार्थी तथा शोधकर्ताहरूको सूची नगरपालिकाको वेवसाइट मार्फत सार्वजनिक गर्नु पर्नेछ।

**६. फिलोसिप तथा शोधपत्रको रकम सम्वन्धमाः** सुरुमा स्वीकृत रकमको आधा रकम सम्बन्धित विद्यार्थी तथा शोधकर्ताको खातामा उपलब्ध गराइनेछ र पालिकामा अन्तिम प्रतिवेदन बुझाए पश्चात आधिकारतिकता जाँच गरी बाँकी रकम उपलब्ध गराइने छ।

## अनुसूची: १

## अनुसन्धान गर्न चाहेको क्षेत्र (थेसिस) :

अनुसन्धान कर्ताको नामः ठेगानाः

| क्र. सं. | नामथर | अनुसन्धानको प्रकृति | प्रयोजन | अनुसन्धान स्थल | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसूची -२
## प्रस्तावहरूको छनौट तथा मूल्याङ्कनका मापदण्ड

विश्वविद्यालको पत्रः

ढोरपाटन नगर भित्र कार्यक्षेत्र भएको

स्थानीय विषयवस्तु समेटिने अनुसन्धान भएको

निष्कर्ष र प्रतिवेदन नगरपालिकालाई उपलव्ध गराउने प्रतिवद्धता पत्र

प्रमाणीकरण मितिः २०७९/०९/२५

आज्ञाले,
विष्णु प्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत